# चुली उपन्यास सङ्घर्षमय जीवनका निम्ति प्रेरणा

**घनश्याम भट्टराई**
**शिक्षण सहायक, पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ**
Email: ghanashyanbhattarai014@gmail.com

**लेखसार**

*उपन्यासकार सरुभक्त (२०१२) द्वारा लिखित 'चुली' उपन्यास (२०६०) सँग सम्बन्धित प्रस्तुत लेख उक्त उपन्यासमा प्रयुक्त पात्रहरूको जीवन सङ्घर्षको विश्लेषणमा केन्द्रित छ । यस अध्ययनको मुख्य उद्देश्य उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासमा अभिव्यक्त जीवन सङ्घर्षका विविध पक्षहरूको पहिचान तथा विश्लेषण गर्नुका साथै उपन्यासमा प्रयुक्त जीवन सङ्घर्षको पहिचान गर्ने र वर्णित जीवन सङ्घर्षसँग मानव सम्बन्धको खोजी गर्नु रहेको छ । जीवन सङ्घर्ष खासगरी मानवीय क्रियाकलाप, सुख-दुःख र बाँच्नका लागि गरिने यावत् कसरतसँग सम्बन्धित हुन्छ । जीवन अभिसाप नभई सङ्घर्षको चुली हो र सङ्घर्षहीन जीवन मृत्युजस्तै हुन्छ भन्ने मान्यतालाई यसमा जोड दिइएको छ । जीवनको महान् यात्रामा हिँड्नेहरूले थाक्न, गल्न र हार मान्न मिल्दैन भन्ने धारणा प्रस्तुत गर्दै जीवन सङ्घर्षलाई आधार शिबिरदेखि सुरु हुने निरन्तर यात्राका रूपमा व्याख्या गरिएको छ । जीवन जोखिम र चुनौती दुवै हो; चुली आरोहणजस्तै जीवन आरोहण पनि कष्टसाध्य हुन्छ । जीवन सङ्घर्षका विविध क्षेत्रहरूमध्ये साहसिक यात्रा पनि एक हो र चुली उपन्यासमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा संलग्न आरोहीहरूको अनुभवलाई मुख्य विषयवस्तु बनाइएको छ । यसमा हिमाली सभ्यता र संस्कृतिलाई मानिसको जीवन सङ्घर्षसँग जोडेर हेरिएको छ । सगरमाथाको चुचुरोमा पुग्न जति कठिन छ, जीवनलाई अन्त्यसम्म घिसार्न पनि त्यति नै कठिन हुन्छ भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ ।*

*प्रस्तुत लेख जीवन बाँच्नका निम्ति गरिने सङ्घर्षको अध्ययनमा सीमित छ । निगमनात्मक विधिको प्रयोग गरी तयार पारिएको यस लेखमा प्राथमिक तथा द्वितीयक दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । जीवन सङ्घर्षको सैद्धान्तिक मान्यतामा आधारित यस अध्ययनमा मानवीय अहमको चुली यात्रा र सगरमाथाको चुली चढाइलाई समानान्तर रूपमा हेरिएको छ । मानिस समाजमा बसे पनि हिमाल भने एक्लै चढ्नुपर्छ भन्ने यथार्थलाई आत्मसात् गर्दै दुर्घटनाहरूसित लुकामारी खेल्नु नै जीवन सङ्घर्ष हो भन्ने सन्दर्भमा गरिएको विश्लेषणले चुली उपन्यास मानवीय जीवन सङ्घर्षका दृष्टिले उपयुक्त कृति रहेको निष्कर्ष प्रस्तुत गरेको छ ।*

**मुख्य पद ⁄ पदावली :** जीवन सङ्घर्ष, पोमूपोन पाइला, अन्तर्यात्रा, सगरमाथा आरोहण, हिमाली सभ्यता, मानवीय अस्तित्व, साहसिक यात्रा, सङ्घर्षशील जीवन

## विषयप्रवेश

'चुली' उपन्यास सरुभक्त (भक्तमान श्रेष्ठ) ले रचना गरेका हुन् । यस उपन्यासको प्रकाशन वि.सं. २०६० सालमा भएको हो । यस उपन्यासमा हिमाली संस्कृति, र मानवीय जीवन सङ्घर्षको यथार्थ चित्रण गरिएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहणसँग सम्बन्धित घटनालाई मुख्य विषय बनाइएको छ । यसै क्रममा हिमाल आरोहणका जोखिम र चुनौतिहरू, आरोहीको साहसिक अनुभवलाई सरुभक्त ले जीवन सङ्घर्षको प्रक्रियासँग जोडेर हेरेका छन् । सगरमाथा आरोहण गर्ने व्यक्तिहरूमध्ये थोरै- मात्र चुलीमा पुग्न सफल भएजस्तै संसारमा एक युगमा एक-दुई

जनाले मात्र मानवताको चुली टेक्न सके ईश्वरको कल्पना गरिरहन पर्दैन भन्ने तर्क उपन्यासमा प्रस्तुत गरिएको छ । जीवन सङ्घर्ष खास- गरी हरेक प्राणी र वनस्पतिको अस्तित्व रक्षा गर्ने विषयसँग सम्बन्धित छ । जीवन सङ्घर्ष अध्ययन भन्नाले बाँच्नका निम्ति आफ्नो अस्तित्वको खोजी र पहिचानको संरक्षणमा लाग्नु भन्ने बुझिन्छ । जीवन सङ्घर्षमा व्यक्ति, समुदाय, जाति, संस्कृति, धर्म र नैतिकताजस्ता विविध पक्षहरु समावेश भएका हुन्छन् । सफलता एकैदिन हात लाग्दैन तर एक दिन अवश्य लाग्छ । सङ्घर्ष जति कठिन हुन्छ, सफलता उति नै सानदार हुन्छ । असल व्यक्तिको जन्म आमाको कोखबाट नभई सङ्घर्षको मैदानबाट हुन्छ । जहाँ सङ्घर्ष हुन्छ, त्यहाँ केही पाउने अठोट हुन्छ भन्ने म्याक्सिम गोर्कीको भनाइलाई जीवन सङ्घर्षको रूपमा यस उपन्यासमा प्रस्तुत भएको गरिएको छ । जीवन सङ्घर्षको अध्ययनभित्र मानव र मानवजन्य क्रियाकलाप पर्दछन् । यो जैविक सिद्धान्तमा आधारित हुन्छ । जैविक सिद्धान्तका आधारमा जीवन सङ्घर्षको अध्ययन गर्न सकिन्छ । यसले साहित्यिक कृतिमा मानवीय जीवन सङ्घर्षलाई कसरी समेटिएको छ भन्ने विषयमा अध्ययन गर्दछ । अतः प्रस्तुत अध्ययन उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासमा प्रयुक्त जीवन सङ्घर्षको खोजी गर्ने विषयमा केन्द्रित रहेको छ ।

## समस्याको कथन

चुली उपन्यासमा हिमाल आरोहणको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाइएको छ । सगरमाथा आधार शिबिरदेखि सगरमाथाको चुचुरोसम्मको कठिन यात्रामा लागेका आरोहीका अनुभव र अनुभूतिलाई समेटेर तयार पारिएको यस उपन्यासमा हिमाल आरोहणको कठिन सङ्घर्षलाई यथार्थ प्रतिबिम्बन गरिएको छ । ' जीवन सङ्घर्ष' शीर्षकको यस लेखमा खास गरी चुली उपन्यासमा प्रयुक्त जीवन सङ्घर्षको १५ चुली पहिचान कसरी गर्न सकिन्छ भन्ने कुरालाई मुख्य समस्या बनाइएको छ । उक्त समस्यालाई निम्न- लिखित प्रश्नावलीबाट अझ स्पष्ट पारिएको छ :

क) चुली उपन्यासमा कस्तो हिमाली यात्राको वर्णन गरिएको छ ?

ख) चुली उपन्यासमा हिमाल आरोहणलाई कसरी जीवन सङ्घर्षका रूपमा पहिचान गर्न सकिन्छ?

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासमा अभिव्यक्त जीवन सङ्घर्षका विविध पक्षहरूको पहिचान तथा विश्लेषण गर्नुका साथै चुली उपन्यासमा प्रयुक्त जीवन सङ्घर्षको पहिचान गर्ने र उपन्यासमा वर्णित जीवन सङ्घर्षसँग मानव सम्बन्धको खोजी गर्ने रहेको छ ।

## अध्ययन विधि

अध्ययन विधि अन्तर्गत व्याख्या तथा विश्लेषण विधि प्रमुख छन् । प्रस्तुत लेखमा खासगरी पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी आवश्यक सामग्रीको सङ्कलन र विश्लेषण गरिएको छ । त्यसक्रममा प्राथमिक स्रोत सामग्रीका रूपमा सरुभक्तद्वारा लिखित चुली उपन्यास तथा द्वितीयक स्रोत सामग्रीका रूपमा जीवन सङ्घर्षसँग सम्बन्धित भएर गरिएका पूर्वकार्यहरूलाई उपयोग गरिएको छ । अध्ययनलाई सार्थक बनाउन कृतिको विश्लेषणका सन्दर्भमा जीवन सङ्घर्षको सैद्धान्तिक मान्यतामा आधारित भएर निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

## अध्ययनको सीमाङ्कन

उपन्यासकार सरुभक्तद्वारा लिखित चुली उपन्यासलाई साहित्य समालोचनामा प्रचलित सिद्धान्तहरूको प्रयोग गरी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन मानवीय जीवन सङ्घर्षसँग सम्बन्धित छ । अतः यस उपन्यासमा कृति विश्लेषणका विभिन्न आधारहरु मध्ये जीवन सङ्घर्षको दृष्टिकोणबाट मात्र चुली उपन्यासको अध्ययन विश्लेषण गर्नु नै यस लेखको सीमा हो।

## पूर्वकार्यको समीक्षा

चुली (२०६०) उपन्यासका बारेमा कुनैकुनै पुस्तकमा छिटपुट चर्चा गरिएको छ, जसको सङ्क्षिप्त विवरण कालक्रमिक रुपमा यहाँ देखाइन्छ :

कृष्णचन्द्र सिंह प्रधानले चुली उपन्यासको "यात्रै किनु गर्नुपर्छ "मात्रै हिँडिरहनुपर्छ प्रेम्पोन पाइलाहरू" शीर्षकमा चुली मानवीय जीवनको कष्टसाध्य सङ्घर्षको

कथाको नमुना हो भनेका छन् ।

'नेत्र एटमले' सीमान्त आकाशः स्रष्टासितको अन्तर्यात्रा (२०६१) पुस्तकको "अहङ्कारको चुलीमा सृजनात्मक सन्तुलन" शीर्षकमा चुलीका विशिष्ट पद्धतिहरू उद्धृत गर्दै चुलीको महत्व दर्शाएका छन् ।

प्रज्ञादेवी निरौलाले २०६३ सालमा गरेको कृतिपरक अध्ययनमा औपन्यासिक तत्वका आधारमा उपन्यासलाई चिनाउने काम भएको छ।

उक्त विवरणबाहेक पठनपाठनका निम्ति तत्वगत समीक्षाबाहेक चुली उपन्यासमा अन्य मानवीय जीवन सङ्घर्षको पाटोलाई देखाउने कार्य भएको छैन । अतः यस लेखमा चुली उपन्यासमा प्रयुक्त जीवन सङ्घर्षको चर्चा गरिएको छ ।

## 'चुली' उपन्यासः विषय र विश्लेषण

'चुली' उपन्यास विश्वको सर्वोच्च शिखर सगरमाथा र त्यसको आरोहणको सन्दर्भलाई आधार बनाएर लेखिएको जीवन सङ्घर्ष प्रस्तुत भएको कृति मानिएको हो । यसमा हिमाल आरोहणका क्रममा गरिएका सङ्घर्ष र शाहसलाई प्रस्तुत गरिएको छ । ऊ नाम गरेको तृतीय पुरुष पात्र यस उपन्यासको नायक हो । उसकै केन्द्रियतामा उपन्यासको कथानक अगाडि बढेको छ । यहाँ चुलीलाई सफलताको प्रतीकका रूपमा चित्रण गरिएको छ । सगरमाथा आरोहण गर्ने अन्य आरोहण दलका सदस्य, भरिया र गाइडहरू यस उपन्यासमा गौण पात्रका रुपमा भूमिकामा उपस्थित देखिन्छन् । मानवेत्तर पात्रका रुपमा 'कुकुर' र मिथकीय बिम्बका रूपमा 'भूत' यस उपन्यासमा आएका छन्। उपन्यासमा सगरमाथाको आधार शिबिरदेखि चुली पुग्दा र चुलीबाट फर्कंदाका ऊ पात्रका जीवन सङ्घर्ष सम्बन्धि अनुभव र अनुभूतिलाई समेटिएको छ । नेपाली साहित्यमा सगरमाथा आरोहण र हिमाललाई मुख्य विषय बनाई जीवन सङ्घर्ष प्रस्तुत गरिएको यो पहिलो मानिएको छ । "हामीकहाँ हिमाल धेरै छन् तर हिमाल र हिमाल आरोहण सम्बन्धी साहित्य त्यति छैनन्" भन्ने लेखकीय भूमिकाबाट पनि उपन्यासकारले सचेत रूपमा हिमालको शाहसिक यात्रा र जीवन सङ्घर्षको महत्वलाई उजागर गर्नको लागि यो उपन्यास रचना गरेको कुरा प्रष्ट हुन्छ । ६० पृष्ठको लघु आयाम भएपनि हिमाल चढ्दाका अनुभव र अनुभूतिले सिङ्गो मानव जीवन सङ्घर्षलाई यस उपन्यासले छोएको हुँदा यहाँ चुली उपन्यासको विश्लेषण प्रस्तुत गरिएको छ ।

## चुली उपन्यासमा प्रयुक्त जीवन सङ्घर्ष र मानव सम्बन्ध

नेपालको हिमाली पर्यावरणीय क्षेत्र र हिमाल आरोहणको विषयलाई उठान गरिएको यसउपन्यासमा सगरमाथाको आधार शिबिरदेखि चुलीसम्मको मार्गलाई मुख्य कार्यक्षेत्रका रूपमा प्रस्तुत गरिएको छ । विश्वकै सर्वोच्च चुली सगरमाथा र त्यसको आसपासका क्षेत्रलाई उपन्यासको परिवेशका रूपमा चित्रण गरिएको छ। विशेष गरी यसमा हिमाल आरोहण गर्दाका उत्साह र चुनौतिहरूको वर्णन छ। चुली उपन्यासमा लेखकका विचारको भोक्ता र वर्णनकर्ता 'ऊ' पात्र हो । आरोही ऊ पात्र पहिलो सात दिन नाम्चेमा, दोस्रो सातदिन थ्याङबोचेमा र तेस्रो सातदिन फेरिचे र लोबुचेमा बिताई सगरमाथाको आधार शिबिरमा पुग्छ । ऊसँग गाइड र सहआरोहीहरू छैनन् । पाँच हजार तीन सय मिटरको आधार शिबिरमा विदेशी आरोहीहरुको घुइँचो छ । अर्कोदिन ऊ खुम्बु आइसफलसम्म पुग्छ र पुनः आधारशिबिरमै फर्किन्छ । केही दिन मौसमको प्रतीक्षा र आरोहणको अभ्यासपछि आइसफल पार गरी ऊ चार घण्टामै छ हजार एक सय मिटर उचाइमा रहेको क्याम्प क्षेत्रमा पुग्छ । त्यहाँबाट पनि ऊ एक्लै छ हजार चार सय मिटर उचाइमा रहेको क्याम्पतर्फ लाग्छ । अनुकूल र प्रतिकूल मौसमको कुनै प्रवाह नगरी आधारशिबिरबाट १५ घण्टामा ऊ प्रेयसी र सुखी परिवारको परिकल्पना गर्दै सात हजार तीन सय मिटरको उचाइमा रहेको क्याम्प तीन पार गरी माइनस २५ डिग्री सेल्सियस तापक्रममा रहेको क्याम्प चारमा पुग्छ । मृत्युको ढोका मानिने विभिन्न स्टेपसमेत पार गर्दै २२ घण्टामा माइनस ४० डिग्री सेल्सियस तापक्रमको आठ हजार आठ सय अड्चालिस मिटर उचाइमा रहेको चुली टेक्न सफल हुन्छ । त्यहाँबाट उसले थुप्रै हिमाल अवलोकन गर्छ । चुलीबाट फर्कने क्रममा उसको हिमपहिरोमा

परी मृत्यु हुन्छ। आधार शिबिरबाट क्याम्प १,२,३,४ हुँदै सगरमाथाको चुलीसम्म पुग्न सफल भएर पनि फर्किने क्रममा उसको मृत्युको वर्णन एक जीवन सङ्घर्ष बन्न पुगेको छ ।

यस उपन्यासमा हिमाली क्षेत्रमा बसोबास गर्ने भोटे र सेर्पा जाति एवम् उनीहरुको साहसिक शैली जीवनलाई प्राथमिकताका साथ उठाएको छ। हिमाल आरोहीहरूले आफ्नो आरोहण सफल होस् भन्नका लागि प्राकृतिक देवत्वको रूपमा हिमाली देवतालाई पूजा गर्दै सङ्घर्षशील जीवनलाई चुलीसम्म पु-याउन कामना गरेका छन् । यहाँ आरोहण गर्ने प्रत्येक आरोहीहरूले आफ्नो जीवनलाई सङ्घर्षको चुलीमा पु-याउन शाहस बटुलेर अगाडि बढेका छन्। सगरमाथाको चुलीमा पुगेर फर्कने अठोट गरी हिमाल आरोहणको यात्रामा एक्लै निस्केको ऊ पात्र मौसम प्रतिकूल हुँदा समेत आफ्नो उचाइको यात्रामा विराम लगाउने पक्षमा देखिँदैन । उसको शाहसिक यात्राको अठोट र आत्मविश्वास देखेर उसका भरिया साथीहरू भन्छन् : तपाईको यो ठूलो काम सफल होस् चोमोलुङमाको देवीले राम्रो गर्छ-गर्छ । (चुली, पृष्ठ १३) उसले आफ्नो जीवन सङ्घर्षको यात्रामा देखा परेका हरेक चुनौतिलाई एउटा महत्वपूर्ण आकर्षण र अवसरको रूपमा ग्रहण गरेको छ । यसै सन्दर्भमा ऊ पात्रले प्रस्तुत गरेको जुन तर्कमा अधारित सन्दर्भ छ त्यसमा जीवनसंघर्षका गाथा जोडिएका ५न्- “बुद्ध एक हिमाल हो, कृष्ण एक हिमाल हो, यसु एक हिमाल हो, मोहम्मद एक हिमाल हो । सुकरात, कन्फुसियस, लाओत्सु हिमाल हुन्, मार्क्स, डार्विन, फ्रायड हिमाल हुन् हिमाल अरुपनि छन् जीवनमा कोही हिमाल चढेर आफैं हिमाल बन्छन् । कोही दलदलमा फसेर आफै दलदल बन्छन्।” (चुली, पृ२३)

यस भनाइमा बुद्ध, कृष्ण, यशु, मार्क्स, डार्विन जस्ता व्यक्तिहरुले जीवनलाई सङ्घर्षको रूपमा लिएर जीवनको शाहसिक यात्रालाई पूर्ण गरेका कारण उनीहरू हिमाल जस्तै उच्च र सम्मानित छन् । अतः यहाँ जीवन सङ्घर्षको दार्शनिक पक्षको उद्घाटन गरी मानवलाई सफलताको चुली चुम्न कठिन सङ्घर्ष गर्नुपर्ने आग्रह गरिएको छ ।

मानिसले जीवनका महान् लक्ष्य भेट्न निरन्तर सङ्घर्ष गर्नुपर्छ। मान्छेलाई सङ्घर्षले नै महान् बनाउँछ। अतः अप्ठ्याराहरुसँग जुध्न सक्नु नै वास्तविक जीवन हो, यो पवित्र र सिर्जनशील हुनु पर्दछ । जीवनलाई सही ढङ्गले बुझ्ने तथा जीवनका हिमाल सफलतापूर्वक आरोहण गर्न सक्नेहरु महान् बन्छन् भने नसक्नेहरु त्यत्तिकै बिलाएर जान्छन् भन्ने विचार यसरी व्यक्त भएको छ : “कठिन सङ्घर्ष गरी जीवनमा सफलताक जसरी जोखिमहरुको पाउन व्यक्तिमा एक किसिमको अहङ्कार अस्तित्वका रूपमा हुनै पर्दछ । त्यसको अभावमा मानिसले नै त कठिन सङ्घर्ष गर्न सक्छ, न त आत्मविश्वासका साथ ठोस उपलब्धी हासिल गर्न सक्दछ ।“ यसरी जीवनमा सकारात्मक सोच र अस्तित्वबोध सदा जीवित रहनु पर्छ भन्ने विचार प्रस्तुत गरिएको छ ।

जसरी माननीय जोखिमहरुको यात्रा केन्द्र सगरमाथा हिमाल हो; त्यसरी नै जीवनमा पनि त्यस्ता समस्यारूपी सगरमाथा धेरै हुन्छन्। यस्तो चुनौतिपूर्ण कार्य धर्तीको इतिहासमा थोरैले मात्र गर्न सक्छन् । जीवनमा सफलताका निम्ति प्रेमको कति ठूलो भूमिका हुन्छ भन्ने कुरालाई हिमाल आरोहीका माध्यमबाट अभिव्यक्त गरी सङ्घर्षलाई प्रेमको खाँचो पर्ने कुरा यसरी अभिव्यक्त गरिएको छ; “प्रेयसी ! मेरी प्रेयसी ! म चुली टेक्दै छु, म सगरमाथा आएँ, मैले सगरमाथा देखें, मैले सगरमाथा टेकें, यो तिमीलाई मेरो प्रेमको उपहार हो ।“ (पृ६१)

“प्रियसी!, म तिमीलाई सगरमाथा जति माया गर्छु, सगरमाथाको चुली जति नै माया गर्छु । अब यो पृथ्वीको इतिहासमा हाम्रो पनि प्रेमको इतिहास हुनुपर्छ, हाम्रो सभ्यता सबै सबै रच्नुपर्छ ।“ ( प्र.६१) यसरी मानव जीवनको प्रेममय चुली र हिमालको चुली हाराहारीमा छन्, तीमाथि विजय प्राप्त गर्न कठिन सङ्घर्ष, अस्तित्ववादी चेतना, प्रेमभाव, दृढ, इच्छाशक्ति आवश्यक हुन्छन्। यिनै कुराहरुलाई आधार बनाई मानिसले अमरत्व प्राप्त गर्न सक्छ भन्ने भाव उपन्यासद्वारा अभिव्यक्त गराइको छ ।

हिमाल सम्बन्धी साहित्य रचना गर्ने अभिप्रायका साथ जन्मिएको ‘चुली’ ’मानव जीवन र मानव इतिहासका

महान् सङ्घर्षको गाथा बनेर उभिएको छ । मूलतः नेपाली भाषामा नेपालको पर्यावरणीय क्षेत्र र पर्वतीय शृङ्खलाहरूलाई विषयवस्तु बनाई साहित्य रचना नभईरहेको स्थितिमा सरुभक्तको चुली उपन्यासले यस सम्बन्धी अभाव पूरा गर्न पनि सङ्घर्ष गरेको छ । सङ्घर्ष सङ्घर्षशील जीवनका गाथाहरू, हिमालभित्रका रहस्यहरू, प्रेमको अमरता जीवनको सुन्दरता, प्रकृतिप्रतिको भरोसा, जीवन सङ्घर्ष र विश्वासलाई सुत्रात्मक ढङ्गले उपन्यासमा व्यक्त भएको गरिएको छ । हिमाल आरोहणका क्रममा विभिन्न किसिमका प्राकृतिक विपत्तिहरू देखा पर्न सक्ने सम्भावना र चुनौतिलाई यस उपन्यासमा जीवन सङ्घर्षका रूपमा चित्रण गरिएको छ

"हिमाल चढ्नुको अनुभव मान्छे पिच्छे फरक- फरक हुन्छन् । कसैका लागि हिमाल चढ्नु पेशा बन्छ भने कसैका लागि उद्देश्य।" (चुली पृष्ठ६) हिमाल आरोहणको लक्ष्य सबैको एउटै नभएजस्तै जीवन सङ्घर्षमा सङ्घर्ष गर्ने तरिका पनि भिन्नाभिन्नै हुन्छ । यहाँ हिमाल चढ्नु कसैका लागि बाध्यता बनेको छ भने कसैका निम्ति रहर बनेको छ । जीवनमा कोही कसैका लागि जन्मदैन र कोही कसैका लागि मर्ने पनि होइन । जीवनमा आफ्नो जीवनका लागि आफैंले सङ्घर्ष गर्दै जाने हो भन्ने विचार यस उपन्यासमा प्रस्तुत भएको छ ।

"यो मेरो मात्र होइन तिम्रो पनि विजय हो । त्यसैले म तिमीलाई हार्दिक बधाइ दिन्छु ।" (चुली पृ.४४) यहाँ आफ्नो हिमाल आरोहणको सफलता सारा मानवको सफलता हो भन्ने विचार आएको छ । जीवन सङ्घर्षमा सधैं सफलता मात्र हात लाग्छ भन्ने हुँदैन । सङ्घर्ष गर्दै जानु नै जीवन हो । जसले सफलता प्राप्त गरे पनि हामी सबै मानवको सफलता बन्छ । यसबाट जीवन सङ्घर्ष र मानव जीवन सङ्घर्षसँग मानवको सम्बन्धको कुरा स्पष्ट भएको छ । यसरी चुली उपन्यासमा हिमाल आरोहणलाई जीवन सङ्घर्षका रूपमा प्रस्तुत गरिएको छ । मानवको सङ्घर्ष जन्मनुभन्दा पहिले सुरु भई सास फेर्नुदेखि लिएर आर्थिक, सामाजिक सांस्कृतिक, आदि सङ्घर्षसँगै मृत्युसम्म रहन्छ । आरोही दलका भरिया, गाइड एवम् ऊ पात्रको जीवन सङ्घर्ष र व्यवहारबाट मानवीय भावना र सम्बन्धहरुको विविध प्रसंग यस उपन्यासमा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यास जीवन सङ्घर्ष र मानव सम्बन्धका दृष्टिले उच्च स्थान लिन सफल छ ।

जीवन सङ्घर्षको प्रतीकात्मक अर्को नाम नै चुली हो । चुलीमा पुग्न आधार शिबिरबाट यात्रा सुरु गर्नुपर्छ । यात्रामा थुप्रै जोखिमहरु हुन्छन्, ती जोखिमहरूसँग सिंगौरी खेल्दै आधार शिबिरबाट यात्रा सुरु गरे जस्तै मानव जीवनको यात्रा जीवनदेखि हुन्छ । मानिस जन्मेदेखि मृत्युसम्म कठिन यात्रामा हुन्छ, हिमाल आरोहण जस्तै । चुली पुग्ने अठोटका साथ जसले यात्रा सुरु गर्छ उसले सफलता प्राप्त गर्छ। सफलता प्राप्त नभए सफलताको शिखर अवश्य प्राप्त गर्छ । जीवन हिमालको आरोहण जस्तै छ मानव जीवनमा पाइला पाइलामा जोखिमहरू छन् । जोखिमहरूको अर्को नाम नै सङ्घर्ष हो । सङ्घर्षमा जीवनले अनेक संघर्ष व्यहोर्नुपर्छ . सगरमाथा आधार शिबिरदेखि सुरुभएको 'म' पात्रको यात्रा कठिन र चुनौतीपूर्ण बनेको छ नै, तर उसले हार पनि मानेको छैन । जीवनका यात्राहरू कठिन छन् तर हार मान्नु हुँदैन भन्ने सन्देश म पात्रले दिएको छ । सगरमाथाको चुलीमा पुगेर फर्कंदा म पात्रले प्रतिकूल अवस्थाका कारण ज्यान गुमाएको छ तर उसले हार मानेन । जीवनमा कठिनाइ आउँछन्, त्यससँग सामना गर्नुपर्छ । जसले कठिनाइको सामना गर्दैन, त्यसबाट कुनै आशा र अपेक्षा गर्न सकिँदैन । हिमाल चढ्न कठिन छ सङ्घर्ष गर्नुपर्छ। शिखरमा पुगे सफलता प्राप्त हुन्छ पुग्न नसके प्रयास जारी राख्नु पर्छ । जीवनमा अभाव, कठिनाइ आइरहन्छन् तिनको सामना गर्नु नै सङ्घर्षशील मानव जीवन हो भन्ने प्रस्तुत भएको यस उपन्यासमा सङ्घर्षको पर्याय नै मानव जीवन हो भन्ने पुष्टि भएको छ ।

**निष्कर्ष**

चुली उपन्यासका रचनाकार सरुभक्त श्रेष्ठ हुन् । यसमा विश्वको सर्वोच्च शिखर सगरमाथा र सगरमाथा आरोहीको अनुभवलाई उपन्यासको मुख्य विषय बनाइएको छ । यसमा हिमाली सौन्दर्यका रूपमा हिमालको निश्छल र अटल स्वरूप प्रस्तुत गरिएको

छ । हिमालमा जीवनहरु हुन्छन् । हिमालमा भएका आकर्षण र खतराहरू मानव जीवनमा पनि रहेका हुन्छन् । हिमालका जोखिमहरू जस्तै मानव जीवनमा पनि जोखिमहरू रहेका हुन्छन् । यस उपन्यासले ऊ पात्रलाई एक्लै हिमाल चढाएर जीवन एक्लै गर्नुपर्ने सङ्घर्ष हो भन्ने कुरा देखाएका छन् । सफलताको चुलीमा पुग्न निकै सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा पनि ऊ पात्रले हिमाल आरोहण गर्दा आइपरेका सङ्कट र सङ्घर्षले पुष्टि गरेका छन् । हिमाल आरोहण गर्दा ऊ पात्रले पार गरेका हरेक स्टेपहरू जीवनका विभिन्न मोडहरू हुन् र ती हरेक मोड पार गर्न उत्तिकै सङ्घर्ष गर्नु पर्छ । अदृश्य रूपमा आएकी प्रेयसी ऊ पात्रलाई चुलीसम्म पु-याउने हौसला र प्रेरणा हो । जीवन सङ्घर्षमा उत्रिए पछि सानातिना बाधा व्यवधानसँग नडराई अगाडि बढ्नु पर्छ । सभ्य मानिस लक्ष्यका लागि लम्कन्छ तर लक्ष्यमा पुग्न सक्छ नै भन्ने केही छैन । यो कुरालाई ऊ पात्र सगरमाथाको आरोहण गरेर फर्कदा भएको दुर्घटनापछिको मृत्युले पुष्टि गरेको छ । यसैबाट जीवन सम्पूर्णता होइन अपूर्णता हो भन्ने जानकारी पनि मिल्छ । पृथ्वीको इतिहासमा एक युगमा एक दुई जनाले मात्र मानवताको चुली टेके भने मुक्तिका लागि मान्छेले ईश्वरको कल्पना गरिरहनु पर्दैन । जीवनमा सङ्घर्ष नै ईश्वर हो, चुली भनेको सगरमाथाको चुलीमात्र नभएर जीवन सङ्घर्षको चुली पनि हो भन्ने पुष्टि हुन्छ ।

यस उपन्यासमा प्राकृतिक सुन्दरताले स्थान पाउनुका साथै यसमा सगरमाथाका विकराल जोखिमहरू, दुर्घटनाहरू, मृत्यु आदिको जानकारी पाइन्छ । जीवन सङ्घर्षमय छ । सानातिना असफलताबाट विचलित नभई सङ्घर्ष गरिरहेमा अवश्य पनि एकदिन लक्ष्यमा पुग्न सकिन्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ । आरोहण वृत्तान्तजस्तो लाग्ने यो उपन्यासमा सरल भाषाशैलीको प्रयोग छ भने कहिँ कतै बौद्धिक दार्शनिक शक्तिहरुको पनि प्रयोग गरिएको छ । यो उपन्यास जीवन र हिमालका कठिन चुलीहरु आरोहण गर्न चाहनेले अनेकौं किसिमका कठिनाइहरू र सङ्घर्ष भोग्नुपर्छ, त्यसैले सडघर्ष नै जीवन हो भन्ने देखाइएको हुँदा जीवन सङ्घर्षका दृष्टिले उपन्यास उपयुक्त बनेको छ ।

## सन्दर्भ सामग्रीहरु


एटम, नेत्र (२०६१), समालोचनाको स्वरूप. ललितपुरः साझा प्रकाशन ।

गौतम, कृष्ण. (२०६४), उत्तर आधुनिक जिज्ञासा. काठमाडौँः टी एकेडेमिक पब्लिकेशन ।

निरौला, प्रज्ञादेवी (२०६२-२०६३), चुली उपन्यासको कृतिपरक अध्ययन (अप्रकाशित शोधपत्र). विश्वविद्यालय क्याम्पस, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

बराल, कृष्णहरि, र एटम, नेत्र (२०५८), उपन्यास सिद्धान्त र नेपाली उपन्यास (दो. सं.). काठमाडौँः साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०), उत्तरआधुनिक विभ. काठमाडौँः ओरिएन्टल पब्लिकेशन हाउस ।

भट्टराई, श्याम (२०७५), उत्तर आधुनिक साँचोमा नेपाली उपन्यासको कलम. काठमाडौँः जुपिटर प्रकाशन ।

शर्मा, मोहनराज, ७ लुइटेल, खगेन्द्रप्रसाद (२०६२), शोधविधि (ते. सं.). ललितपुरः साझा प्रकाशन ।

सरुभक्त (२०६०), चुली. ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), नेपाली उपन्यासः परम्परा र प्रवृत्ति. ललितपुरः साझा प्रकाशन ।